# समायोजन र पुनःस्थापनाका उपाय

कुलचन्द्र गौतम

विस्तृत शान्ति सम्झौता र सेना तथा हतियार व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको तीन वर्ष पुग्न लागेको छ ।[1] यस अवधिमा नेपालले केही महत्त्वपूर्ण उपलब्धि हासिल गऱ्यो- संविधानसभा चुनाव, गणतन्त्र घोषणा, अन्तरिम संविधान लेखन र सरकारहरूको निर्माण । तर माओवादी लडाकु समायोजन र पुनःस्थापनको अहम् कार्यमा प्रगति हुनसकेको छैन ।

सरकार र सत्तारूढ पार्टीहरूले समायोजन र पुनःस्थापनको ठोस प्रस्ताव कहिल्यै ल्याएनन् । माओवादी लडाकुहरूको रेखदेख, समायोजन र पुनःस्थापना निम्ति गठित उच्चस्तरीय समिति र त्यसअन्तर्गतको प्राविधिक समितिले सात-सात महिनासम्म काम गर्दा पनि यस विषयमा ठोस बहस भएन । समितिका सदस्य र तिनका राजनीतिक पार्टीका नेताहरूको प्रायः बदलिइरहने तथा आफैंमा बाझिने सामान्य र सतही मन्तव्यहरू मात्र सुनियो । पार्टीहरूले ठोस संख्या, समय तालिका, खर्च कार्यक्रमसहितका प्रस्तावनाहरू टेबलमा ल्याएर

[1] यो लेख *हिमाल खबरपत्रिका* १९(१०) : ५२–५४, २०६६ बाट लिइएको हो ।

छलफल नगर्ने र सतही कुराका आधारमा एकअर्कालाई दोषारोपण मात्र गरिरहने हो भने यो प्रक्रिया अगाडि बढ्नै सक्दैन ।

यो लेखक सुरक्षा क्षेत्र सुधारसम्बन्धी विशेषज्ञ नभएकाले यसमा प्रस्तावित सुझावहरू सम्बन्धित नीति निर्माता र विज्ञहरूलाई आपसमा छलफल गरी विस्तृत खाका तयार पार्न सहयोग पुगोस् भनेर मात्र प्रस्तुत गरिएको हो । समायोजन र पुनःस्थापना गरिने लडाकुको संख्या, नेपाली सेनाको संख्या र जिम्मेवारी, खर्च र लगानी आदि पनि छलफल सुरु गर्नका लागि मात्र भएकाले संख्यामा भन्दा दिशा, प्रकृति र अनुपातमा ध्यान दिनु उपयुक्त हुनेछ ।

लडाकुहरू र नेपाली सेनाका आ–आफ्नै इच्छा, आकांक्षा र त्रासहरू छन् । मुलुक अहिले संवेदनशील संक्रमणको चरणमा भएकाले शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने काममा व्यावहारिक हुन राजनीतिक पार्टीहरूले केही अल्पकालीन सम्झौता पनि गर्नुपर्ला । सुरक्षा क्षेत्र सुधारको लागि अहिले दुवै पक्ष सहमत विस्तृत शान्ति सम्झौता, सेना तथा हतियार व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौता र अन्तरिम संविधानजस्ता दस्तावेजहरू छन् । दलविशेषले यिनलाई आ–आफ्नो अनुकूल व्याख्या गर्न खोजे पनि नेपालको दीर्घकालीन हित गर्ने र कुनै सहमतिसँग नबाझिने प्रस्तावनाको आधारका रूपमा यिनै दस्तावेजलाई लिन सकिन्छ ।

अन्तरिम संविधान, २०६३ मा 'प्रमाणित भएका र समायोजनका लागि इच्छुक माओवादी लडाकुहरू निश्चित मापदण्ड पूरा गरेपछि सुरक्षा निकायहरूमा समायोजनका लागि योग्य हुने' उल्लेख छ । यसबाट समायोजनको विकल्प सबै लडाकुका लागि नभएर 'प्रमाणित भएका' र 'इच्छुक' हरूका लागि मात्र हो, र जसले समायोजनको विकल्प रोज्छन् उनीहरूले सुरक्षा बलको 'स्टाण्डर्ड मापदण्ड' पूरा गर्नैपर्छ भन्ने बुझिन्छ । लडाकुसँग समायोजन हुनैपर्ने अधिकार छैन, उनीहरूको सम्भाव्य समायोजनबारे विचार गरिन्छ र त्यो पनि नेपाली सेनामा मात्रै नभएर देशका कुनै पनि सुरक्षा निकायमा हुनसक्छ ।

विस्तृत शान्ति सम्झौताले 'रेखदेख, समायोजन र पुनःस्थापना' का लागि उच्चस्तरीय समितिको व्यवस्था गरेको छ । यसमा समायोजन एउटा मात्र पक्ष हो भने पुनःस्थापना, व्यवस्थापन र रेखदेख अन्य प्रमुख अवधारणा हुन् । शान्ति सम्झौतामा नेपाली सेनाको 'लोकतान्त्रीकरण' र 'उपयुक्त संख्या निर्धारण' गर्नुपर्ने पक्षलाई पनि औंल्याइएको छ । यसलाई नेपालको सुरक्षा क्षेत्रमा केही कटौती गर्नुपर्ने भन्ने अर्थ लगाइएको छ । यसअन्तर्गतको एउटा मुद्दा सुरक्षा क्षेत्रलाई सम्पूर्ण नेपाली समाजको विविधता प्रतिबिम्बित हुने गरी अझ बढी समावेशी र

प्रतिनिधिमूलक बनाउन हाल कम प्रतिनिधित्व भएका महिला, मधेसी, दलित र अन्य सीमान्तकृत समूहहरूको सहभागिता सुनिश्चित गर्नु पनि हो ।

यी सबै पक्षलाई बृहत् सुरक्षा क्षेत्र सुधार अथवा रूपान्तरणका रूपमा हेर्न सकिन्छ, साथमा नेपालको वैधानिक सुरक्षालाई ध्यानमा राख्दै समाजले थेग्न नसक्ने र आवश्यकताभन्दा बढी सैन्यकरण नगर्ने कुरामा पनि विचार पुऱ्याउनुपर्छ । उत्तिकै महत्त्वपूर्ण पक्ष हो, सुरक्षा संयन्त्रलाई राजनीतीकरण हुन र टुक्रिनबाट टाढै राखेर वास्तविक नागरिक सर्वोच्चता सुनिश्चित गर्नु । शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन र दिगो शान्ति स्थापना गर्न यी मुद्दाहरू जतिसक्दो चाँडो सुल्झाउनु अपरिहार्य छ ।

एक दशक लामो द्वन्द्वका दौरानमा नेपाली सेनाको संख्या ४६ हजारबाट ९६ हजार पुग्यो भने रू. २ अर्बभन्दा कमको रक्षा बजेट बढेर यो वर्ष रू. १५ अर्ब पुग्यो । आज सेनाको संख्या बढाउने होइन घटाउनुपर्छ भन्नेमा एनेकपा माओवादीलगायत सबै पार्टीको एकमत छ । साथै सैन्य सुरक्षाका लागि छुट्ट्याइएको भीमकाय बजेट आम जनताका मानवीय प्राथमिकतामा परिचालन हुनु आवश्यक छ । यस परिप्रेक्ष्यमा सेनाको संख्या अझै बढाउने बृहत् समायोजनभन्दा माओवादी लडाकुहरूको पुनःस्थापन र व्यस्वथापनलाई प्राथमिकता दिनु तर्कसंगत हुन्छ । अर्कोतर्फ, शान्ति प्रक्रियाप्रतिको प्रतिबद्धतास्वरूप नेपाली सेनालगायतका मुलुकका सुरक्षा बलमा केही हदको समायोजनका लागि सिर्जनात्मक उपायहरू पनि पहिल्याउनु पर्छ ।

यहाँ हामी परस्परविरोधी आवश्यकताको सामना गरिरहेका छौं । नेपालको वास्तविक आवश्यकताको दृष्टिकोणबाट सुरक्षा बल र त्यसमा पनि विशेष गरी सेनाको संख्या घटाउन जरूरी छ । तर शान्ति प्रक्रियाको दृष्टिकोणबाट केही माओवादी लडाकुलाई समायोजन गर्नुपर्छ, जसले सुरक्षा बलको संख्या बढाउनेछ । के हामी दुवै पक्षको जित हुने सूत्र खोज्न सक्दैनौं, जसले सेना र अन्य सुरक्षा संयन्त्रलाई संख्यात्मकभन्दा गुणात्मक हिसाबले बलियो बनाउने गरी माओवादी लडाकुलाई समायोजन गराउन सकोस् ? मेरो जवाफ छ– हामी सक्छौं । हाम्रो सुरक्षा संयन्त्र राष्ट्रिय हितको पक्षमा हुने गरी अझ समावेशी, लोकतान्त्रिक, व्यावसायिक र आधुनिक हुने प्रकारले समायोजन गर्न सकिन्छ र गर्नुपर्छ ।

यो सूत्र पहिचान गर्ने प्रक्रियामा सबैभन्दा पहिले नेपाली सेनाको प्रमुख भूमिका र उद्देश्य के हुनुपर्छ भन्ने कुरामा राष्ट्रिय सहमति विकास गर्नुपर्छ ।

## नेपाली सेनाका प्रमुख काम

शान्तिपूर्ण नयाँ नेपालमा सेनालाई निम्न चार मुख्य काम गर्ने गरी पुनःसंरचना गर्नु उचित हुन्छ :

(१) देशको शान्ति सुरक्षाको बहाली र सार्वभौमिकताको रक्षा ।
(२) अन्तर्राष्ट्रिय शान्ति सेनामा सेवा ।
(३) प्राकृतिक प्रकोपमा राहत र पुनःस्थापना तथा आपतकालीन अवस्थापछिको अल्पकालीन पुनःनिर्माण र विकास गतिविधिमा सहयोग ।
(४) विशिष्ट व्यक्ति, उद्योग, महत्त्वपूर्ण भौतिक संरचना आदिको विशेष सुरक्षा सेवा ।

सेना अहिले पनि केही हदसम्म यस्ता काममा संलग्न छ । तर यसलाई अझ बढी औपचारिक र व्यवस्थित गर्दै यस्ता प्राथमिकतालाई आत्मसात् गरेर रक्षा बजेटको बाँडफाँट गर्न उपयुक्त हुनेछ ।

हालसालै पुनःस्थापना भएको सेना समायोजन विशेष समिति र यसको प्राविधिक समिति माओवादी लडाकुको सीमित समायोजन, मधेसी, जनजाति, महिला र कम प्रतिनिधित्व भएका समूहहरूलाई प्राथमिकताका आधारमा भर्तीलगायत नेपालको सुरक्षा निकायको सुधारका लागि व्यावहारिक प्रस्तावहरू ल्याउन सशक्त हुनेछन् भन्ने आशा गरौं ।

## तत्काल गर्नुपर्ने काम

तीन-तीन वर्षमा पनि अयोग्य प्रमाणित लडाकुलाई शिविरबाट निकाल्न र पुनःस्थापन गर्न नसक्नु लाजमर्दो विषय हो । २०६५ पुसमा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी राष्ट्र संघीय महासचिवको विशेष प्रतिनिधि राधिका कुमारास्वामीलाई २०६६ फागुन १७ गतेसम्म सम्पूर्ण अयोग्य लडाकु हटाउने र पुनःस्थापन गर्ने वाचा गरेका थिए । उच्चस्तरीय समितिको पहिलो निर्णय पनि अयोग्य लडाकु हटाउने नै थियो । संयुक्त राष्ट्र संघका निकाय र विभिन्न दाताहरू अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य अभ्यासअनुरूप नाबालक पूर्वनाबालक लगायतका अयोग्य लडाकुहरूको पुनःस्थापनाका लागि सहयोग गर्न तयार थिए र छन् ।

अयोग्य लडाकुलाई शिविरबाट तत्काल हटाई तिनलाई अस्थायी केन्द्रहरूमा राख्नुपर्छ, जहाँ उनीहरूले समुदायमा फर्कनुअघि परामर्श र सीपमूलक तालिम

पाउने छन् । त्यस्ता केन्द्रको सञ्चालन युनिसेफलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त संस्थाहरूको सहयोगमा गैर-राजनीतिक निजामती प्रशासकले गर्ने व्यवस्था मिलाउनुपर्छ । तिनमा माओवादी पार्टी, कमाण्डर र नेपाली सेनाको भने कुनै संलग्नता हुनुहुँदैन । यसो गर्दा 'यदि' र 'तर' नभनीकनै गर्नुपर्छ, थप सर्वेक्षण, प्रश्नावली र राजनीतिक तथा सैन्य नेताहरूको थप शिविर सुपरीवेक्षणबेगर यो कदम चाल्नुपर्छ ।

अयोग्य लडाकु हटाउने र पुनःस्थापना गर्ने कुरालाई अन्य कुनै राजनीतिक प्रयोजनको पूर्वसर्त बनाउनु पनि हुँदैन, यसो गरेमा बाँकी रहेका माओवादी लडाकुको समग्र समायोजन र पुनःस्थापनाप्रतिको प्रतिबद्धतामाथि नै गम्भीर प्रश्न खडा हुनेछ । अयोग्य लडाकुहरू हटाउनु शान्ति प्रक्रियाप्रतिको हाम्रो इमानदारीको परीक्षा पनि हो । देशमा बहादुरी र हिम्मतबाट आएको शान्तिको आवश्यकता छ, अप्ठ्यारो र शंकाबाट आएको होइन । यो सानो पहिलो पाइलाले समग्र शान्ति प्रक्रियामा विश्वास जगाउन सक्छ ।

पूर्वलडाकुहरूको समायोजनका लागि निम्न क्रियाकलाप आवश्यक छन् :

पहिलो, ठूलो संख्यामा सेनामा समायोजन हुनेछ भन्ने गलत आशा नजगाउन माओवादी लडाकुलाई यो संख्या वास्तवमा कम हुन्छ भनेर बुझाउनुपर्छ । यो काम एनेकपा माओवादीले मात्र प्रभावकारी रूपमा गर्नसक्छ ।

दोस्रो, समायोजनको प्रक्रियामा देशको बृहत् हितका लागि नेपाली सेनामा सीमान्तकृत तथा कम प्रतिनिधि भएका केही समूहलाई प्राथमिकता दिइने कुरा पूर्वलडाकुहरूलाई बुझाउनुपर्छ ।

तेस्रो, पुनःस्थापनामा शिक्षक, स्वास्थ्यकर्मी, विद्यालय निरीक्षक, वन कर्मचारीदेखि स्वरोजगार र वैदेशिक रोजगारका लागि विविध सीपमूलक तालिमलगायत के-कस्ता विकल्प उपलब्ध हुनेछन् भन्ने कुरा माओवादी लडाकुलाई बुझाउनुपर्छ ।

लडाकुहरूको अपेक्षा व्यवस्थित भएपछि समायोजनको कार्य क्रमिक रूपमा निम्नबमोजिम अघि बढाउन सकिन्छ :

(क) विशेष समितिलाई सहयोग गर्न स्थापित प्राविधिक समिति अथवा उपसमितिलाई सुरक्षा निकायमा भर्ती हुन चाहनेहरूको न्यूनतम् योग्यता र छनोटका आधार तय गर्न तथा समायोजन हुन इच्छुकमध्ये क-कसले सुरक्षा सेवामा भर्ना हुन आवश्यक प्रचलित योग्यता पूरा गर्छन् भन्ने निर्णय गर्ने जिम्मा दिने ।

(ख)विकल्प भएमा, यीमध्ये कतिले कुन सुरक्षा सेवा रोज्छन् भन्ने पत्ता लगाउने । यो कुनै पार्टी नेतृत्व वा कमाण्डरले लडाकुको लागि गरेको निर्णय नभई लडाकुको स्वतन्त्र व्यक्तिगत निर्णय हुनुपर्छ ।

(ग) मानवअधिकार उल्लंघनको गम्भीर आरोप लागेका माओवादी लडाकुहरूलाई समावेश नगर्ने । त्यस्तै सैनिक जवान र अधिकृतहरूलाई विशेष कार्यमा खटाउँदा, भर्ना र बढुवा गर्दा पनि मानवअधिकारका तिनै मापदण्ड लागु गर्ने ।

(घ) पार्टीहरूबीच राजनीतिक छलफलबाट समायोजनमा जनसंख्याअनुरूप नेपालको सुरक्षा संयन्त्रलाई समावेशी बनाउन प्राथमिकता दिनुपर्ने समूहहरूबारे सहमति गर्ने । महिला, दलित, मधेसी र विगतमा नेपालको सुरक्षामा न्यून प्रतिनिधित्व भएका समूहहरूले यस्तो प्राथमिकता पाउन सक्छन् । न्यूनतम योग्यता भएका तर विविध सुरक्षा सेवाका आवश्यक मापदण्ड पूरा नगरेका लडाकुहरूका लागि 'ब्रिजिङ ट्रेनिङ' को विशेष व्यवस्था गर्न सकिन्छ ।

(ङ) नेपालको सुरक्षा सेवालाई लैंगिक दृष्टिले बढी सन्तुलित र संवेदनशील बनाउन सेना, प्रहरी अथवा सशस्त्र प्रहरीमा भर्ना हुन योग्य र इच्छुक माओवादी लडाकुमध्ये करिब दुई हजार महिला लडाकुलाई समायोजनको विशेष अवसर प्रदान गर्ने । राष्ट्र संघले आफ्नो शान्ति स्थापना गर्ने दलमा महिला अधिकारी खटाउने कामलाई बढावा दिइरहेकोले महिला सिपाही वा प्रहरीका दृढ डफ्फाहरू शान्ति सेनामा पठाएर पनि नेपालले संसारको शान्ति प्रक्रियामा महत्त्वपूर्ण योगदान दिन सक्छ ।

(च) बाँकी माओवादी महिला लडाकुलाई उनीहरूको योग्यता र रुचिका आधारमा सामुदायिक स्वास्थ्य कार्यकर्ता, पूर्वप्राथमिक अथवा प्राथमिक शिक्षक वा महिला विकास कार्यकर्ताजस्ता रोजगारीको प्रत्याभूति हुने खालका तालिमको व्यवस्था गर्ने ।

(छ) अरू बाँकी (बढीमा दुई हजारजति) पुरुष माओवादी लडाकुमध्ये विभिन्न सुरक्षा सेवामा भर्ती हुन योग्यता पुगेका र भर्ती हुन चाहनेहरूलाई देशको आवश्यकताअनुसार सेना, प्रहरी आदि निकायमा भर्ती गर्न र विशेष व्यावसायिक तालिम दिने व्यवस्था मिलाउने । यसो गर्दा अहिलेसम्म कम प्रतिनिधित्व भएका मधेसी, दलित आदि समुदायलाई प्राथमिकता दिने ।

(ज) राजनीतिमा नलागेका र अरू प्रशासनिक काममा नखटिएका अधिकृत तहमा आधारभूत योग्यता पुग्ने अधिकृत तहका केही थोरै माओवादी लडाकुहरूलाई नेपालमा र विदेशमा समेत उच्चस्तरीय विशेष अधिकृत

तालिमको व्यवस्था गर्ने । यस्तो तालिमको केही अंश नेपाली सेना वा प्रहरीका अन्य अधिकृतका साथमा गराउने, जसले गर्दा उनीहरू सबैमा आत्मीयताको भावनाका साथै गैर-राजनीतिक व्यावसायिक सम्बन्ध विकास हुन सकोस् ।

समायोजन हुन नचाहने र नसक्ने माओवादी लडाकुका लागि निम्नअनुसार बृहत् पुनःस्थापना प्याकेज दिन सकिन्छ :

(क) सुरक्षा निकायमा समायोजन नहुने सबै १५ हजार पूर्वलडाकुलाई एक-एक लाख रूपियाँ एकमुष्ट प्रोत्साहन भत्ता दिने ।

(ख) शिक्षा, स्वास्थ्यजस्ता रोजगारको राम्रो सम्भावना भएका र राष्ट्रिय विकास प्राथमिकताका क्षेत्रमा सीपमूलक तथा व्यावसायिक तालिमका लागि पूर्वलडाकुहरूलाई विशेष छात्रवृत्ति प्रदान गर्ने, विद्यमान तालिम केन्द्रहरूको सहयोगमा विविध सीपहरू सिकाउने, प्राविधिक/सीपमूलक तालिम प्रदान गर्ने ।

(ग) सुरूमा माओवादीका पूर्वलडाकु र पछि स्वेच्छिक अवकाश लिने नेपाली सेनाका सिपाहीलाई विशेष तालिम दिन तथा नेपालको प्राविधिक, सीपमूलक र व्यावसायिक तालिम क्षमता विस्तार गर्न प्राविधिक सीपमूलक निजी तथा सार्वजनिक क्षेत्रका विद्यालयहरूको समूह बनाएर तालिम क्षमता अभिवृद्धि गर्नुका साथै उनीहरूलाई आर्थिक एवं अन्य प्रोत्साहन प्रदान गर्ने ।

(घ) तालिम पाएका तर रोजगारको ग्यारेन्टी नभएका पूर्वलडाकुहरूलाई आफ्नै व्यापार-व्यवसाय सुरु गर्न एकमुष्ट रू. २ लाख बराबरको नगद र केही यन्त्र, कच्चा पदार्थ आदि जिन्सी सहयोग उपलब्ध गराउने ।

## पुनःस्थापनाका लागि अन्तर्राष्ट्रिय सहयोग

उपरोक्त कार्यक्रमहरूका निमित्त आर्थिक, प्राविधिक र तालिम सहयोगका लागि मित्रराष्ट्र र दातृ संस्थाहरूसँग छलफल गर्नुपर्छ । पुनःस्थापनाको कुल खर्च करिब रु ३ अर्ब हुने देखिन्छ । अन्तर्राष्ट्रिय दाताहरूले लडाकुलाई दिनुपर्ने रकम माओवादीले पार्टीका लागि उठाउने महसुस गरेमा उनीहरू यति ठूलो रकम सहयोग गर्न इच्छुक हुने छैनन् । यस कुरामा माओवादीले अन्य पार्टी तथा

दाताहरूलाई विश्वस्त तुल्याउनु पर्छ । अन्यथा नगद सहयोगलाई जिन्सीमा परिणत गर्नुपर्ने पनि हुन सक्छ ।

## दीर्घकालीन कार्ययोजना

दीर्घकालीन सुरक्षा नीति र अवधारणा बनाउन एउटा विश्वासिलो तथा उच्चस्तरीय राष्ट्रिय सुरक्षा परिषद्को स्थापना हुनुपर्छ, जसले सुरक्षा क्षेत्र सुधारका सन्दर्भमा पनि नीति निर्देशन दिन सकोस् र वर्तमान संक्रमणकालीन अवस्थामा गर्नुपर्ने महत्त्वपूर्ण व्यवस्थापनहरूमाथि निगरानी पनि गर्न सकोस् ।

नेपाली सेनामाथि नागरिक निगरानीका लागि तत्काल सैन्य र रणनीतिक मामिलामा ज्ञान एवं अनुभव भएका तथा कुनै विवादमा नपरेका सक्षम कर्मचारीको भूमिका प्रभावकारी हुने गरी रक्षा मन्त्रालयको सुधार र रूपान्तरणको प्रक्रिया सुरु गर्नुपर्छ ।

## स्वेच्छिक अवकाश योजना

नेपालको बढ्दै गएको सुरक्षा चुनौतीलाई हेर्दा सुरक्षा सेवाको उपयुक्त संख्या कायम गर्नुपर्ने गम्भीर आवश्यकता छ । हाल नेपाली सेनाको दरबन्दी करिब ९६ हजार छ । यसमा प्रहरी बल र सशस्त्र प्रहरी बलको संख्या जोड्दा डेढ लाखभन्दा बढी हुन्छ । नेपालजस्तो गरिब मुलुकमा यति ठूलो सुरक्षा बल निकै बढी र असन्तुलित हो ।

सेनाको संख्यालाई क्रमशः घटाउँदै लैजानुपर्ने आवश्यकतालाई ध्यान दिँदै, नियमित रूपले अनिवार्य अवकाश वा स्वेच्छिक अवकाशमार्फत खाली हुने वरिष्ठ तहलगायतका कुनै पनि पद स्वतः पूर्ति नगर्ने नीतिगत निर्णय लिनु उचित हुन्छ । आगामी तीनदेखि पाँच वर्षका लागि यसरी 'खाली' भएकामध्ये २५ प्रतिशत जति पदमा हालसम्म कम प्रतिनिधित्व भएका महिला, मधेसी र दलित समुदायका योग्य व्यक्तिलाई भर्ना गर्न विशेष निति लिन सकिन्छ ।

सेनाको संख्या उल्लेखनीय रूपमा घटाउन सेवाकाल पूरा हुनुअगावै स्वेच्छिक अवकाश कार्यक्रम र त्यसमा आकर्षक आर्थिक प्रोत्साहन प्याकेजको व्यवथा गर्न सकिन्छ । यो सुविधा आगामी पाँचदेखि १० वर्षका लागि हरेक वर्ष पाँचदेखि १० हजार सैनिकलाई उपलब्ध गराउन सकिन्छ ।

आगामी वर्षहरूमा नेपालमा हजारौं थप शिक्षक र स्वास्थ्य कार्यकर्ता आवश्यक पर्ने हुनाले अवकाश पाएका सैनिकलाई र पूर्वलडाकुलाई यस्ता

गैरसैनिक जिम्मेवारी लिन सक्ने बनाउन तालिम र रोजगारीको अवसर दिनुपर्छ । रोजगारीमा टेवा पुऱ्याउन निजी क्षेत्रलाई समेत संलग्न गराउन सकिन्छ ।

## अगाडिको बाटो

नयाँ नेपाल निर्माणको क्रममा सबै पार्टी र विशेष गरी एनेकपा माओवादीले राजनीतिक परिवर्तन ल्याउनका लागि गरिने हिंसाको प्रयोगलाई औपचारिक रूपमा त्याग्नै पर्छ र सम्पूर्ण नेपाली समाजले शान्ति र अहिंसाको संस्कृतिलाई अनुसरण तथा नेपालका युवा र बालबालिकाको मन-मस्तिष्कमा यही संस्कृति विकास गरिदिनुपर्छ । महिला, बालबालिका र नागरिकको रक्षा गर्न तथा नेपाललाई द्वन्द्वपछिको अराजकता र आपराधिक गतिविधिबाट जोगाउन सुरक्षा क्षेत्र सुधार एवं हतियार व्यवस्थापन कार्यक्रमअन्तर्गत अभियानका रूपमा विस्फोटक पदार्थलाई निस्क्रिय पार्न, बारूदी सुरूङका धराप हटाउने, हलुका र साना हतियारको किनबेच/उत्पादन रोक्नेलगायत शिक्षा र चेतना फैलाउने सशक्त कार्यक्रम चलाउनुपर्छ । यस्ता काम नभएमा नेपालको लोकतन्त्रको भविष्य नै खतरामा पर्नेछ, किनभने असुरक्षा र दण्डहीनताको वातावरणमा लोकतन्त्रको संस्थागत विकास हुन सक्दैन ।

सुधारिएको र सही आकारको सेनासहित मुलुक शान्तिपूर्ण भविष्यतर्फ अग्रसर हुने क्रममा सुरक्षा बजेटलाई कटौती गरी गरिबी निवारण र मानव विकासका क्षेत्रमा प्राथमिकता दिऔं । नेपाली जनतालाई साँच्चै शान्तिको लाभ पुऱ्याउँदै मानव सुरक्षालाई एक्काइसौं शताब्दीको राष्ट्रिय सुरक्षाको सच्चा आधार बनाउनेतर्फ लागौं ।